# पाइपलेयर
# ट्रेड टेस्ट
# नमुना लिखित प्रश्नपत्र

此文件關於敷喉管工大工工藝測試考題。如有需要索取此文件的中文版本，請致電 2100 9000 與香港建造業工藝測試中心聯絡。

This document related to mock test paper of trade test for Pipelayer. Should you require an English version of this document, please contact Hong Kong Construction Industry Trade Testing Centre at 2100 9000.

## डिस्क्लेमर

*CIC को लिखित अनुमतिबिना यस सामग्रीको कुनै पनि भागलाई कुनै पनि रूपमा वा कुनै पनि माध्यमबाट पुनरुत्पादन वा प्रसारित गर्न नपाइसक्छ। यस सामग्रीमा रहेका जानकारीले सत्यता सुनिश्चित गर्न उचित प्रयासहरू गरिएतापनि CIC ले पाठकहरूलाई सम्भव भएसम्म पेशासँग सम्बन्धित सल्लाहकारहरूसँग उपयुक्त स्वतन्त्र सल्लाह खोज्न प्रोत्साहन गर्छ र पाठकहरूले कुनै पनि सम्बद्ध कामहरू गर्दा यस सामग्रीलाई उक्त पेशासम्बन्धी सल्लाहको विकल्पको रूपमा लिनु वा निर्भर पर्नुहुँदैन।*

## सोधपुछहरू

यस सामग्रीको सम्बन्धमा भएका सोधपुछहरू हङकङ कन्स्ट्रक्सन इन्डस्ट्री ट्रेड टेस्टिङ सेन्टरलाई निम्न ठेगानामा सोध्न सकिन्छ:


| | |
|---|---|
| 95, Yue Kwong Road | ९५, यु कोङ्ग रोड |
| Aberdeen | एबरडिन |
| Hong Kong | हङकङ |

| | |
|---|---|
| टेलिफोन | : (852) 2100 9000 |
| फ्याक्स | : (852) 2100 9090 |
| इमेल | : enquiry@cic.hk |
| वेबसाइट | : www.cic.hk |


© 2020 कन्स्ट्रक्सन इन्डस्ट्री काउन्सिल

1. वाटर सप्लाई सिस्टम मा इन्कमिङ वाटर प्रेसर को तुलनामा डिस्ट्रिब्युसन मेन को सही टेस्ट प्रेसर कति हुनुपर्छ ?

   a. 1 गुणा
   b. 1.5 गुणा
   c. 2 गुणा
   d. 2.5 गुणा

2. वाटरवर्क अर्डिनेन्स पानीका कार्यहरूसम्बन्धी (अध्यादेश) अनुसार ताजा पानीको नयाँ सप्लाई सिस्टमबाट पानीका नमुनाहरूको परीक्षण गरिनुपर्छ। कुन-कुन कुराहरू अनिवार्य रूपमा परीक्षण गरिनुपर्छ ?

   a. लेड को सघनता
   b. ट्रान्समिटन्स
   c. पानीको घनत्व
   d. 3 वटै विकल्पहरू आवश्यक पर्छन्

3. डबल-लेयरको स्काफोल्डमा वर्क प्लेटफर्मको न्यूनतम चौडाइ कति हुन्छ ?

   a. 200mm
   b. 400mm
   c. 600mm
   d. 800mm

4. सेफ्टी हार्नेस कसरी लगाइनुपर्छ ?

   a. सेफ्टी हार्नेसलाई प्रयोगकर्ताको कम्मरको समान लेभल मा स्न्यापहुकमा लगाइनुपर्छ
   b. सेफ्टी हार्नेसलाई प्रयोगकर्ताको कम्मरभन्दा तलको लेभलमा स्न्यापहुकमा लगाइनुपर्छ
   c. सेफ्टी हार्नेसलाई प्रयोगकर्ताको कम्मरभन्दा माथिको लेभलमा स्न्यापहुकमा लगाइनुपर्छ
   d. माथिका विकल्पहरू मध्ये कुनै पनि

5. निम्नहरू मध्ये आगो निभाउने सबैभन्दा प्रभावकारी तरिका कुन हो ?
   a. प्यासेज लाई खाली र राम्रो भेन्टिलेसन राख्ने
   b. धुम्रपान नगर्ने र विद्युत प्रयोग गर्दा सावधान रहने
   c. वेल्डिङ नगर्ने र खुला ठाउँमा आगो नबाल्ने
   d. अक्सिजनको श्रोतलाई बन्द गर्ने, तापक्रमलाई कम गर्ने र फ्युल लाई खाली गर्ने

6. डिस्ट्रिब्युसन पम्प सेट र पम्पिङ हाउस डिजाइन गर्दा निम्नहरू मध्ये के कुरामा विचार पुऱ्याइनुपर्छ ?
   a. यसलाई अटोमेटिक र म्यानुअल तरिकामा चलाउन सकिन्छ
   b. चलाउन र जाँच गर्नका लागि पर्याप्त ठाउँ छ
   c. यससँग पम्पहरूको ब्याक-अपसेट छ
   d. सबै तीनवटा विकल्पहरू

7. हातमा लिइने विद्युतीय औजारहरूमा "⧈" चिन्हको के अर्थ हुन्छ ?
   a. यसको दुईवटा स्पिड मोटर छ
   b. यो वाटरप्रुफ हो
   c. यसलाई डबल इन्सुलेट गरिएको छ; अर्थिङ आवश्यक पर्दैन
   d. यसले अन्तर्राष्ट्रिय गुणस्तर मापदण्डलाई पालना गर्छ

8. थ्रेडिङ मेसिनको मुख्य कार्यहरू के-के हुन् ?
   a. कटिङ, थ्रेडिङ तथा रिमिङ
   b. थ्रेडिङ, रोल ग्रोभिङ तथा पाइपहरूको एसेम्बलिङ
   c. कटिङ तथा रोल ग्रोभिङ
   d. थ्रेडिङ, लुब्रिकेटिङ तथा रिमिङ

9. डिस्ट्रिब्युसन पाइपहरूमा क्र्याक हरूले गर्दा हुने वाटर लिक लाई ठीक पार्ने सही तरिका कुन हो ?
   a. आर्क वेल्डरले वेल्ड गर्ने
   b. क्र्याकहरूलाई बेर्नका लागि होज क्लिप तथा प्लास्टिक शिटहरूलाई प्रयोग गर्ने
   c. पानीका पाइपहरूलाई फेर्ने
   d. क्र्याकहरूलाई भर्नका लागि एपोक्सी जेल प्रयोग गर्ने

10. बन्द वा साँघुरो ठाउँमा कम गर्नका लागि निम्न प्रकारहरू मध्ये कस्ता प्रकारका कर्मचारीहरूलाई अनुमति हुन्छ ?

a. बन्द वा साँघुरो ठाउँमा काम गर्नका लागि मान्य प्रमाणपत्र भएका व्यक्तिहरू

b. फोरम्यान

c. इन्जीनियर

d. कम्पनीका डाइरेक्टर

11. खन्नका लागि निम्नहरू मध्ये कुनले सुरक्षा मापदण्डहरूलाई पालना गर्दैन ?

a. चढ्नका लागि बलियो भऱ्याङ छ

b. खाल्टोहरू छेउछाउमा कुनै पनि अनावश्यक वस्तुहरूको अनुमति हुँदैन

c. अनिवार्य रूपमा बार हरू हुनुपर्छ

d. ग्राउण्डमा शोरिङ प्लेटहरू जडान गरिएको छ

12. निम्नहरू मध्ये डक्टाइल आइरन पाइपहरू जोड्नका लागि सही प्रक्रिया कुन हो ?

a. ट्युब ओपनिङ र प्लास्टिक ओ-रिङ सिल सफा गर्नका लागि सफा कपडा प्रयोग गर्ने

b. ट्युबमा बेल माउथ ड्राफ्ट लाइन को चिन्ह लगाउने

c. ट्युब र बेल माउथ ओ-रिङ सिलको जोड्ने छेउहरूमा लुब्रिकेटिङ आयल लगाउने

d. सबै प्रक्रियाहरू आवश्यक पर्छन्

13. निम्नहरू मध्ये कुनले वाटर लिकका लागि प्रेसर टेस्टमा आवश्यक चरण होइन ?

a. पानी हाल्दा पाइपहरूलाई खाली गराउने

b. थपिएको प्रत्येक 10 पाउण्ड/स्क्वायर इन्च प्रेसरका लागि छचल्किने हुन्छ कि हुन्न भनेर हेर्न 10 मिनेट पर्खने

c. प्रेसर लगाउने क्रममा ड्राफ्ट लाइन बाहिरतिर आउँछ कि आउँदैन भनेर जाँच गर्ने

d. टेस्ट प्रेसरले कन्स्ट्रक्सनको मापदण्डलाई पालना गर्छ भनेर सुनिश्चित गर्ने

14. निम्नहरू मध्ये कुन विधिले फ्लेन्जहरूलाई टाइट गराउन सक्छ ?

   a. क्लकवाइज कस्ने
   b. एन्टि-क्लकवाइज कस्ने
   c. डायगनल एन्गलहरूमा क्रमशः कस्ने
   d. 3 वटै विकल्पहरू प्रयोग गर्न मिल्छ

15. निम्न विधिहरू मध्ये कुन विधि HDPE पाइपहरू जोड्नका लागि उपयुक्त हुँदैन ?

   a. हेक्स नट प्रयोग गर्ने
   b. इलेक्ट्रिक मेल्ट इन्सर्जन
   c. हट मेल्ट इन्सर्जन
   d. इलेक्ट्रिक मेल्ट कनेक्सन

16. निम्नहरू मध्ये कुन HDPE पाइपहरूलाई तातो बनाएर पगाल्दा आवश्यक चरण होइन ?

   a. पाइपहरूलाई क्ल्याम्पहरूले क्ल्याम्प गर्ने
   b. पाइपको अलाइन्मेन्टलाई एड्जस्ट गर्ने पाइपको सतहलाई एड्जस्ट गर्न स्क्रेपर नाइफ प्रयोग गर्ने
   c. पाइपको एक्सिससलाई एड्जस्ट गर्ने
   d. पाइप अक्ष समायोजित गर्नुहोस्

17. डक्टाइल आइरन पाइपहरूका प्लास्टिक ओ-रिङ सिलहरू जोड्दा कस्तो प्रकार लुब्रिकेन्ट प्रयोग गरिनुपर्छ ?

   a. डिटर्जेन्ट
   b. पानीमा घोलिने लुब्रिकेन्ट
   c. तेलयुक्त लुब्रिकेटिङ आयल (ग्रिज/इन्जिन आयल)
   d. 3 वटै प्रकारहरू प्रयोग गर्न मिल्छ

18. उल्टो फर्किन र ताजा पानीलाई दुषित गराउनबाट रोक्नका निम्ति वाटर सप्लाइज डिपार्टमेन्ट ले वाटर मिटरहरूमा के जडान गर्छ ?

   a. फुलवे गेट भल्भ
   b. एग्जस्ट भल्भ
   c. स्प्रिन्कलर अलार्म भल्भ
   d. लुजजम्पर टाइप स्टपकोक वा नन-रिटर्न भल्भ

19. काम भइरहेको समयमा विद्युतीय औजारले ठीकसँग काम नगर्दा त्यसको व्यवस्थापन कसरी गरिनुपर्छ ?

a. त्यसलाई चलाउन रोक्नुपर्छ र मर्मतको व्यवस्था मिलाउनका लागि सुपरभाइजरलाई रिपोर्ट गर्नुपर्छ

b. त्यसलाई चलाउन रोक्नुपर्छ र आफै मर्मत गर्ने प्रयास गर्नुपर्छ

c. त्यसलाई चलाउन रोक्नुपर्छ र लिएर आएको ठाउँमा फिर्ता लगेर राख्नुपर्छ

d. त्यसलाई चलाउन रोक्नुपर्छ काम गर्न रोज्नुपर्छ र घर जाने समय नहुँदासम्म पर्खनुपर्छ

20. कुन विधिले HDPE पाइपको मिलिङ प्रक्रिया मापदण्डलाई पालना गर्छ ?

a. ओपनिङ  हरू एकअर्कासँग राम्रोसँग नजोडिँदासम्म ताछने वा पातलो बनाउने

b. सिधा नहुँदासम्म एक्सिसलाई अनिवार्य रूपमा एड्जस्ट गर्ने

c. पाइपका छेउहरू सफासँग घिसिएको हुनुपर्छ

d. माथिका सबै

- प्रश्नपत्रको समाप्ति -